**१- इस्लामधर्मको** आदेश यो छ कि तिमी यो आस्था राखौ कि यस संसारमा जति पनि वस्तुहरू छन् ती सबैको एउटा सृष्टिकर्ता हो जसलाई अल्लाह भनिन्छ,त्यो एक्लै हो उसको प्रभुत्वमा कोही पनि भागेदार र साथी छैन।त्यो सातौं आकाशमाथि आफ्नो सिंहासनमाथि ब्राजमान छ । सम्पूर्ण सृष्टि उसको ज्ञानमा छन्,उनीहलरूाई हेरि रहेको छ तथा उनीह रूको कुरालाई सुनिरहेको छ। त्यो अल्लाह नै साँचो उपास्य र पूजनीय हो।त्यस बाहेक अरूको पूजा गर्नु उचित छैन।र यो पनि आस्था राखौ कि अल्लाह तआलाले मानिसहरूलाई व्यर्थ बनाएको छैन,बरू उनीलाई मात्र आफ्नो भक्ति र पूजाको लागि जन्म दिएको छ। र सबैलाई महा प्रलयको दिन दोस्रो चोटि जिवीत गर्ने छ,संसारिक जीवनमा गरिएका कर्तव्यहरूको उनीसँग लेखाजोखा लिनेछ।

**२- इस्लामधर्मको** आदेश यो छ कि तिमी आस्था राखौ कि अललाहका देवदूतहरू छन् जुन मनुष्यबाट भिन्न छन्,अल्लाह तआलाले फरिश्ताहरू(देवदूतहरू)लाई कार्यहरूमा लगाएको छ,जस्तोः कि जिबरील अलैस्सिलाम संदेष्टाहरूमाथि वही(ईश्वानी) लाउने काम गर्नु हुन्थ्यो।

**३- इस्लामधर्मको** आदेश यो छ कि तिमी आस्था राखौ कि अल्लाह तआलाले संदेष्टाहरूमाथि आफ्ना पवित्र पुस्तकहरू अवतरण गर्नु भयो। जस्तैः तौरात,इन्जील.जबूर र अन्तमा पवित्र कुरआन जसलाई मुहम्मद सल्लल्लाहु अलैहे वसल्लममाथि अवतरण गर्यो। यी सबै किताबहरू निर्देश दिन्छन् कि हामी मात्र एउटा अल्लाहलाई पूजा गरौं र उसको उपासनामा कसैलाई भागेदार नबनाऔं।कुरआनको विपरित सबै आकाशिय पुस्तकहरू दुष्ट र कुकर्मी व्यक्तिहरूबाट हेर-फेरको सिकार भयो,पवित्र कुरआनमा कुनै प्रकारको हेर-फेर भएन, किन भने त्यसको अवतरण बेलादेखि नै अहिले सम्म धेरै मुसलमानहरूले त्यसलाई आफ्नो ह्रदयमा कन्ठस्त गरेका छन्,र अल्लाह तआलाले कुरआनलाई मानवजातिको लागि एउटा मोअजजा(चमत्कार)बनाएको छ र यसको सुरक्षाको जिम्मेवारी स्वयम् लिएको छ।र अल्लाह तआलाले यसलाई अरू सबै आकाशिय पुस्तकहरूको लागि प्रमान बनाएको छ । कुरआनमा अत्याधिक ज्ञान र विज्ञानका कुराहरू छन् जसलाई आजका विद्वान तथा वैज्ञानिकहरूले पनि स्वीकार गरैकाछन्।



**४- इस्लामधर्मको** आदेश यो छ कि तिमी यो आस्था राखौ कि अल्लाह तआलाले आदम अलैहिस्सलामलाई माटोबाट पैदा गर्यो र यो मानव जातिको पहिलो पुरूष थियो र उसबाट सम्पूर्ण मानिसहरूलाई फिँजाइ यो ताकि आफ्नो उपासनामा उनीहरूलाई परीक्षा लेओस । जमानाको परविर्तनले गर्दा मानिसहरूले आफ्नो साँचो मार्गदशनबाट टाढा भए भने शैतानले उनीलाई शिर्क(अनेकेश्वर वाद) को अंध्यारोमा फँसाइ दियो,जब उनीहरूले मूर्ती पुजा आरंभ गर्नुभए भने अल्लाह



तआलाले उनीहरूको सुधारका लागि मनुष्यहरूमध्ये आफ्ना संदेशवाहकहरूलाई संसारमा पठायो,उनीहरूले अल्लाहको यो आदेश मानिसहरूलाई बताए कि अल्लाह को उपासनामा शिर्क नगरौ तथा अल्लाहका सम्पूर्ण उपदेशकहरूमाथि ईमान तथा आस्था राखौ। र अल्लाहको अतिरिक्त कुनै वस्तुको पूजा नगरौ।अल्लाहका ती उपदेशकहरूमध्ये श्रीमान् नूह,श्रीमान् इब्राहीम, श्रीमान् मूसा तथा ईसा(उनी सबैमाथि अल्लाहको कृपा र शान्ति होस्)र उनी सबैमा अन्तिम उपदेशक श्रीमान् मुहम्मद सल्लल्लाहु अलैहे वसल्लम छन्। उहाँपछि कोही पनि ईश्दूत आउँदैन, यदि कोही व्यक्तिले यस्तो दाबी गर्छ भनै त्यो पक्कै झूठो हुन्छ।कुनै व्यक्तिको आस्था त्यस बेलासम्म साँचो हुन सक्दैन जबसम्म कि अल्लाहका सम्पूर्ण उपदेशकहरूमाथि पक्कै ईमान न ल्याओस् र उनी सबैसँग साँचो प्रेम नगरोस्।

**५- इस्लामधर्मको** उपदेश यो छ कि तिमी यो आस्था राखौ कि आकश वा पतालमा जति पनि घटनाहरू घटिन्छन् अल्लाहको आदेश र ज्ञान अनुसार हुन्छन्।अल्लाह तआलाले सृष्टिको रच्ना गर्नु भन्दा अघि नै सबैको तक्दीर (भाग्य) लेखिदिएकोछ र सृष्टिमा कोही नौलो कुरा उत्पन्न हुँदैन र नत कोही पनि घटना आफै-आफ घटछ,तर जसको अस्तित्वको अल्लाहले निर्नय गरेको छ र उसलाई हुन आदेश दिएको छ त्यसको नै उतपत्ति हुन्छ, किन भने सृष्टिमाथि अल्लाहको नै राज्य हो,अतः मानिसहरू आफ्ना कर्तब्यहरूको कारणको आफैं जिम्मेवार छन्।यस संसारमा र महा प्रलयको दिन आफ्ना कर्तब्यहरूको लेखा जोखाको पनि जिम्मेवार हुन्छन्,यसैले कुनै व्यक्तिलाई यो जायज छैन कि आफ्नो भाग्यलाई बहाना बनाएर कर्म गर्नुलाई छाडिओस्। यस आस्थामाथि ईमान ल्याउनुमा यो लाभ हुन्छ कि तिमी सन्तुष्ट पूर्वक जीवन व्यतित गर्न सक्छौ।

**६- इस्लामधर्मको** आदेश यो छ कि तिमी सदैव न्याय र भलाई गरौ,नाता कुटुम्ब मिलाउनुमा सम्मानिता र सच्चाईलाई इख्तेयार गरौ र जति पनि राम्रा व्यवहारहरू छन् ती सबैलाई इख्तेयार गरौ।बैमानी,धोखाधडी, बलात्कार,चोरीचपाटी,अत्याचार र विना कारण कसैलाई हत्या गर्नु, झूठ, आतंक फैलाउनु,दंगा, फसाद, उदण्डता,गुण्डागर्दी, र आफ्नो हृदयको इच्छा पूर्ति गर्नुको लागि कसैलाई हत्या गरिदनु अवैध छ।मानवीय संबन्धहरू वा मेलजोललाई यस प्रकार कायम राखौ कि मानवजाति एक अर्काको भलाईका लागि आफ्नो बीच सहायाताको भावना राखोस्,र सामाजिक आवश्यक्ताहरूमा एक अर्कालाई सहयोग पनि गरोस्,र समाजमा जुन पनि गल्ती कुनै मुसलमान बाट उत्पन्न हुन्छ भने त्यो इस्लामी निति होइन बरू त्यो उस व्यक्तिसँग खास हो।



**७- इस्लामधर्म** सेतो, कालो मानिसको बीच भेद-भाव गर्दैन, न धनी र निर्धन को बीच,न अरबी र अजमी को बीच,बरू वरिष्ठ व्यक्ति त्यो हो जो अल्लाहसँग अधिक भय राख्छ।



**८- इस्लामधर्मको** आदेश यो छ कि पापी मान्छे सदैबका लागि आफ्नो पापबाट तौबा गरोस्,यदि कुनै प्रकारको पाप भैहालोस् भने लज्जित भएर त्यसलाई छाडिदिनको वादा र अल्लाहसित क्षमाको प्रार्थना गरोस् तथा मानवीय हकहरूलाई अदा गरोस्। यसो गरेमा अल्लाह तआलो त्यसको पापलाई क्षमा गरिदिन्छ।र कुनै पनि मानिस त्यस व्यक्ति र उसको तौबाको बीच बाधा हाल्न सक्दैन,किन भने यो तौबा अल्लाह र त्यस मान्छेको बीचको मामला हो,मात्र अल्लाहले नै त्यसलाई हेरिरहेको छ र उसको कुरालाई सुनिरहेको छ र जो कुरा त्यसको ह्रदयमा छ त्यसको थाहा र ज्ञान पनि राख्दछ ।



**९- इस्लामधर्मको** आदेश यो छ कि तिमी सफा सुधर हुनमाथि ध्यान देउ र बाटोमा पाइएका कष्टदायक तथा हानिकारक वस्तुहरूलाई हटाई देउ ।

**१०- इस्लामधर्मको** यो आदेश छ कि तिमी महिलावर्गलाई आदर गरौ र तिनीसँग उत्तम व्यवहार गरौ, साथै तिनलाई सम्पूर्ण हक तथा खेबा-खर्चा र धन सम्पतिमा हक हिस्सा प्रदान गरौं ।

**११- इस्लामधर्मको** यो आदेश छ कि मनुष्य आफ्नो जीवन व्यतित गर्नुका लागि ती सबै वस्तुलाई प्रयोग गरोस् जो उनका लागि आवश्यक छन् र अल्लाहको आदेशको उलंघन नहुन सकोस्।



**१२- इस्लामधर्मका** नियम तथा सिद्धान्तहरू स्पष्ट र सरल छन्,जति पनि उपासना छन् ती सबैको प्रमाण पवित्र कुरआन अथवा हदीसमा मौजुद छ।इस्लामी सिद्धान्त मानिस द्वारा बनाइएको सिद्धान्त होइन बरू यसलाई अल्लाहले बनाएको छ। अतः सम्पूर्ण मनुष्यलाई चाहियो कि यस इश्वरीय सिद्धान्तलाई स्वीकार गरोस् ।

**१३- इस्लामधर्म** आतंक तथा अत्याचारको विरुद्ध छ आतंकावादीसगँ इस्लाम आरम्भै देखि युद्ध गरि रहेको छ यहाँसम्म कि मानवजाति आफ्ना धन,ज्यान र प्रतिष्ठा बारेमा शान्ति सुरक्षा प्राप्त न गरि ल्योस्।इस्लाम धर्ममा मनुष्यको मस्तिष्क,ज्यान,वंश,धन र धर्मको सुरक्षा तथा महत्व स्पष्ट रूपमा सिद्ध छ।



**१४- इस्लामधर्मले** मुसलमानहरूमाथि पाँच बख्तको सलात (नमाज) अनिवार्य गरेको छ ताकि इश्वर सम्बन्धी स्मृतिको जाग्रण मनुष्यको मस्तिष्कमा उत्पन्न होस्।



**१५- इस्लामधर्मले** धनी मुसलमाहरूमाथि जकात(धर्मदाय) वर्षमा एक चोटि आफ्नो धनबाट निकाल्नु र उसलाई निर्धन तथा असहाय व्यक्तिहरूलाई दिनु अनिवार्य गरेको छ।र जकातको शब्दार्थ वृद्धि, विकास तथा पवित्रता हुन्छ, जसमा धनको वृद्धि,पवित्रता र निर्धनको लागि सहयोगका भावना पाइन्छ।



**१६- इस्लामधर्मले** मुसलमानहरूमाथि रोजा(ब्रत) अनिवार्य गरेको छ जो प्रति वर्ष रमजानको महिनामा खास छ।जसमा मुस्लिम समुदायलाई सामूहिक रूपमा संयमको शिक्षा मिल्छ र अल्लाहको आदेशका आज्ञा पालन तथा स्वास्थयको हेफाजत एवम् गरीब मान्छेहरूको अवस्थाको बारेमा ज्ञान प्राप्त हुन्छ।



**१७- इस्लामधर्मले** मुसलमानहरूलाई यो आदेश दिएको छ कि आफ्नो शक्तिअनुसार जीवनमा एक चोटि मक्का गएर काअबाको हज्ज गरुन्।संदेशवाहक श्रीमान् इब्राहीम,ईसा र मुहम्मद(उनी सबै माथि अल्लाहको कृपा र दाया होस्) ले पनि हज्ज गरेका छन् यसैले मुसलमानहरूलाई यस पवित्र मार्गमा हिँडनु अनिवार्य छ ।





**१८- इस्लामधर्मले** सम्पूर्ण समुदायलाई यो आदेश दिएको छ कि मुहम्म्द सल्लल्लाहु अलैहे वसल्लम सम्पूर्ण संसारको लागि अल्लाहका अन्तिम उपदेशक हुन्।उहाँको ईश्दूत्व उहाँ भन्दा अघिका संदेशवाहकहरू जस्तै छ।तर सिद्धान्तहरूमा केही अन्तर छ।जुन कुनै मानिसले मुहम्मद सल्लल्लाहु अलैहे वसल्लमको उपदेशलाई सुन्यो भने त्यसमाथि ईमान ल्याउनु र उसको आदेशानुसार जीवन व्यतित गर्नु अनिवार्य हुन्छ किन भने अल्लाह तआला इस्लाम बाहेक अरू कोही पनि धर्म चाहदैन।


**१९- इस्लामधर्मको** आदेश यो छ कि तिमी अल्लाहको उपासना तथा पूजा मुहम्म्द सल्लल्लाहु अलहै वसल्लमको सिद्धान्तानुसार गरौ जसलाई हदीसको विद्वानहरूले हदीसका पुस्तकहरूमा एकत्रित गरेका छन्।जस्तैःइमाम बुखारी,मुस्लिम आदिहरू।र जुन कोही कार्य इस्लामधर्ममा पथभ्रष्टताको रूपमा उत्पन्न भएको छ त्यसबाट बच्नु अनिवार्य छ किन भने यस प्रकारको कार्य अक्कल एवम् धर्मको विपरित छ।

**२०- इस्लामधर्मले** मानवीय अक्कललाई अंधविश्वास तथा अल्लाह बाहेक अर्कोलाई पूज्नीय ठान्नुबाट मुक्ति दिएको छ।यसैले जुन बेला उसले मुसलमानहरूलाई कब्रिस्तानको दर्शन बारेमा उत्तेजित गर्छ कि त्यसबाट भय र चेतावनी पाओस् उसै बेला मनाही गर्छ कि कब्रिस्तानलाई परिक्मा गरोस् वा त्यहाँ बली दिओस्,वा मृतक व्यक्तिहरूसँग प्रार्थना गरोस् वा मध्यता बनाएर गुहार गरोस्।



**२१- इस्लामधर्मको** यो आदेश छ कि तिमी उचित साधनहरू इख्तेयार गरेर अल्लाहमाथि पूर्ण आशा गरौ,र तन्त्रमन्त्र वा जन्त्र कौडीलाई प्रयोग नगरौ, यस्तै धामी, जोगी,ढोंगीनिर नजाऔ जुन कि मानिसहरूको धन अनुचित तरिका र छल व्यवहारले खान्छन्।

**२२- इस्लामधर्ममा** दुईवटा पर्वहरू छन्,ईदुल-फित्र(रमजान महिनाको ब्रत सकेपछि शव्वाल महीनाको पहिलो तारिखमा)र ईदुल-अजहा(ब ईक्रद) यी दुईवटा चाड बाहेक जति पनि पर्वहरू मुस्लिम समदायमा छन् ती सबै इस्लामी सिद्धान्तबाट बाहिर छन्,बरू षडयन्त्रकारीहरूले पथभ्रष्टताको निम्ति छल गरेका छन्।



**२३- इस्लामधर्मको** यो आदेश छ कि मुसलमान व्यक्ति अनिवार्य रूपमा इस्लामी सिद्धान्तको ज्ञान प्राप्त गरोस् जस्तैःपवित्रता,नमाज, जकात, रोजा,हज्ज तथा इस्लामी व्यवहारहरूको बारेमा ज्ञान।



**२४- इस्लाम धर्ममा**

प्रवेश हुनको तरिकाः यो पवित्र कुरालाई भन्नुस : -

अश्हदु अल्लाइलाह इल्लल्लाहु,व अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह (अर्थः म साक्षी दिन्छु कि अल्लाहको बाहेक अरू कोही साँचो पूज्नीय छैन, र मुहम्मद सल्लल्लाहु अलैहे वसल्लम अल्लाहको साँचो संदेशवाहक हो यस स्वीकारपछि तिमी मुसलमान भैहाल्यौ,अब अनिवार्य छ कि तिमी यसको नियम बमोजिम आफ्नो जीवन व्यतित गरौ,यसैमा स्वर्ग प्राप्त हुन्छ र नर्क बाट मुक्ति मिल्छ।



**२५- इस्लामधर्मले**

निम्न अवस्थाहरूमा स्नान गर्नु अनिवार्य गरेको छ जस्तैः इस्लामधर्म स्वीकार गर्ने समय,सपन्दोष भएपछि,आइमाइको मासिकधर्म र प्रसव रक्त समाप्त भएपछि।



**२६- इस्लामधर्मले** यो आदेश दिएको छ कि नमाजको लागि तल दिएका आधार बमोजिम वजू गर्नु होस्।

(वजूको तरिका)

१- बिस्मिल्लाह भनेपछि एक वा दुई वा तीन चोटि पानीले दुवै हत्केलालाई पखाल्नु होस्।



२- एक वा दुई वा तीन चोटि कुल्ला गर्नु र नाकमा पानी हालेर नाकलाई सफा गर्नु होस्।



३- एक वा दुई वा तीन चोटि आफ्नो अनुहारलाई धुनु होस्।



४- आफ्नो दायाँ हातलाई कुईनोसम्म फेरि देब्रे हातलाई पनि कुईनोसम्म एक वा दुई वा तीन चोटि पखाल्नु होस्।



५- आफ्नो टाउकोको मसह (स्पर्श) दुबै कानसमेत गर्नु होस्।







६- आफ्नो दायाँ खुट्टालाई गोली गाँठ समेत एक वा दुई वा तीन चोटि पखाल्नु होस् फेरि देब्रे खुट्टालाई पनि यसै प्रकार पखाल्नु होस्।

**२७- इस्लामधर्मले** निम्नलिखित तरिकाबाट नमाज पढनको आदेश दिएको छ।

(नमाज पढनको तरिका)



१- किब्ला(काअबा)तिर अनुहार गरि सोझो भएर ध्यानपूर्वक दुबैहातलाई काँधासम्म उठाउनु होस् र अल्लाहु अक्बर भनि आफ्नो दायाँहातलाई बायाँ हातमाथि राखि छातीमा बाँधेर यो दुआ पढनुहोस् (( सुबहानक अल्लाहुम्म व बिहम्दिक व तबारकस्मुक व तआला जद्दुक वलाइलाह गैरुक)) अऊजु बिल्लाहि मिनश्शैतानिर्रजीम,बिस्मिल्लाहिर्रह मानिर्रहीम फेरि सुरह फातेहा पढनु होस् ((अल्हम्दु लिल्लाहि रब्बिल् आलमीन। अर्रहमानि र्रहीम। मालिकि यौमिद्दीन। इय्याकनअबुदु व इय्याक नस्तअीन। इहदिनस्सिरातल मुस्तकीम।सिरातल्लजीन अन्अम्त अलैहिम गैरिल मग्दुबे अलैहिम वलद्दाल्लीन।))(आमीन)। फेरि

بسم اللّٰه الرحمن الرحيم

سبحانك اللهم وبحمدك وتبارك اسمك وتعالى جدك ولا إله غيرك

أعوذ باللّٰه من الشيطن الرجيم

(الحمد للّٰه رب العالمين.الرحمن الرحيم.مالك يوم الدين.إياك نعبد وإياك نستعين.

إهدنا الصراط المستقيم. صراط الذين أنعمت عليهم غير المغضوب عليهم ولا الضالين. آمين)

कुरआनमा जुन सुरह कन्ठस्त छ भने त्यसलाई पढनु होस् जस्तै सुरतुल्इख्लास(बिस्मिल्लाहिर्रहमानिर्रहीम)((कुल्हुवल्लाहु अहद। अल्लाहुस्समद।लमयलिद व लमयुलद।वलमयकुल्लहु कुफुवन अहद।))

بسم اللّٰه الرحمن الرحيم

(قل هو اللّٰه أحد. أللّٰه الصمد.لم يلد. ولم يولد. ولم يكن له كفواً أحد.)










२- फेरि अल्लाहु अक्बर भनि दुबै हातलाई काँधासम्म उठाएर रुकूअ मा जानु होस्।रुकूअमा यो दुआ कम्तिमा तीन पटक पढनु होस् ((सुबहान रब्बियलअजीम))।

३- रुकूअ बाट टाउको उठाए रफायदैन गरि ((समिअल्लाहु लिमन हमिदा)) भन्दै सोझो खडाहुनु होस्।एकदमै सोझो खडा भए फेरि यो पढनु होस्((रब्बनावलकलहम्दु))।



४- फेरि अल्लाहु अक्बर भनेर सज्दामा जानु होस् सज्दामा कम्तिमा तीन चोटि यो दुआ पढनुस्(( सुब्हान रब्बियलआला))



५- अल्लाहु अक्बर भनेर सज्दाबाट टाउको उठाएपछि दोस्रो सज्दा भन्दा अघि यो दुआ पढनुस्((रब्बिग फिर्ली))।



६- फेरि अल्लाहु अक्बर भनेर पहिलो सज्दा जस्तै दोस्रो सजदा पनि आरामसँग गर्नु होस् र यो दुआ पढनुस्((सुब्हान रब्बि यल्आला))।

७- फेरि अल्लाहु अक्बर भनेर दोस्रो रकातको लागि उभनु होस् र पहिलो रकात जस्तै दोस्रो रकात पनि पूरा गर्नु होस्।



८- दोस्रो रकातको सज्दा गरे पछि अल्लाहु अक्बर भनेर पहिलो तशह्हुद का लागि बस्नु होस् र तशह्हुदमा यो दुआ पढनुस्((अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तय्यिबातु अस्सलामु अलैक अय्युहन्नबियु व रहमतुल्लाहि व बरकातुहु अस्सलामु अलैना व अला इबादिल्लाहिस्सालिहीन, अश्हदु अल्लाइलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्म्दन अबदुहु व रसूलुहु))।





९- दुई रकातको नमाजमा तशह्हुद अन्तिम तशह्हुद जस्तै पूरा गर्नुस् र दायाँतिर अनुहार घुमाएर भन्नुस् ((अस्सलामु अलैकुम व रहमतुल्लाह)) फेरि देब्रेतिर अनुहार घुमाएर भन्नुस् ((अस्सलामु अलैकुम व रहमतुल्लाह)) अन्तिम तशह्हुदको बयान तल आउँछ। र यदि दुई रकात भन्दा बढि नमाज छ भने पहिलो तशह्हुद पूर्ण भएपछि अल्लाहु अक्बर भनि खडा भएपछि रफायदैन गरेर तेस्रो तथा चौथो रकात पहिलो तरिका जस्तै पूर्ण गर्नुस् अन्तिम दुबै रकातमा सूरह फातेहा ह्रदयमा पढनु होस्।

१०- नमाजको अन्तमा अल्लाहु अक्बर भनेर अन्तिम तशह्हुदका लागि बस्नुस् र यस दोस्रो तशह्हुदमा पहिलो तशह्हुद जस्तै (( अत्तहिय्यात)) पढनुस् र अत्तहिय्यात सकेपछि यो दरूद शरीफ पढनु होस्((अल्लाहुम्म सल्ले अला मुहम्मदिवँ व अला आले मुहम्मदिन कमा सल्लैत अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम्मजीद,अल्लाहुम्म बारिक अला मुहम्मदिवँ व अला आले मुहम्मदिन कमा बारक्त अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम्म्जीद))।




११- दरूद शरीफ पढेपछि यो दुआ पढनुस्((अल्लाहुम्म रब्बना आतेना फिद्दुनिया हसनतवँ व फिल आखरिते हसनतन, अल्लाहुम्म इन्नी अउजुबिक मिन अजाबि जहन्नमे व अजाबिल कब्रे,व मिन फित्नतिल महया वल ममाते, वमिन फित्नतिल मसीहिद्दज्जाले))



१२- उपरोक्त दुआहरू पढेपछि दायाँतिर अनुहारलाई घुमाएर भन्नुस् ((अस्सलामु अलैकुम व रहमतुल्लाह))फेरि देब्रे तिर अनुहारलाई घुमाएर भन्नुस ((अस्सलामु अलैकुम व रहमतुल्लाह))। नमाज सम्पन्न भयो।





पाँचौ नमाजको समय र तिनका रकातहरूको विवरण

| नमाज | रकात | समय : निम्नलिखित टोकिएका समय बमोजिम नमाज पढनु अनिवार्यछ |
|---|---|---|
| फज्र | २ | प्रातःकाल (भोर) देखि सूर्योदय सम्म |
| जुहर | ४ | सूर्य ढल्कनु (दोस्रो प्रहर)देखि सबै वस्तुको छाया उसै जस्ता बराबर हुनुसम्म |
| अस्र | ४ | सबै वस्तुको छाया उसै जस्ता बराबर हुनुदेखि सूर्यको रँग पिलो हुनुसम्म |
| मग्रिब | ३ | सूर्यास्तदेखि आकाशमा रातो रँग गायब हुनुसम्म |
| इशा | ४ | आकाशमा रातो रँग गायब हुनुदेखि मध्यरात्रिसम्म |



مطابع دار الندوة/3696000

نيبالي

Nipali



# هذا هو الإسلام

# This is islam

# इस्लामको परिचय

## briefly

By

Eng/ Ibrahim Al Yahya

ly1001@hotmail.com - www.islaminbrief.com

This pamphlet has been translated into some languages.Copyrights are for all Muslims For charitable distribution call: 00966505412038 K.S.A

المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بحي البشر - ببريدة

هاتف: ٣٨٥١٠٠٥ ٠٠٩٦٦٦ - فاكس: ٣٨٥١٠٠٤ ٠٠٩٦٦٦

رقم الحساب: ١٩٢٦٠٨٠١٠٠٦٠٠٠٠

K.S.A. Foreigners Guidance Centre in Al-Besher

Tel: 009666 3851005 - Fax: 009666 3851004

Account No: 192608010060000